जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक ३० | २०८१ साल भदौं ६ गते बिहीबार (22 Aug. 2024 Thursday) | मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राज्यको मूल प्रवाहमा.. ३ पृष्ठमा : धनुषामा तीन सय ७७ ... ३ पृष्ठमा :गाजा आक्रमणका क्रममा १७० पत्रकारको ...

## सडक मर्मतको माग गर्दै सडकमै धर्ना बसे गाउँपालिका अध्यक्ष



**गत असार ३० गते सडक डिभिजन कार्यालय लहानमा धर्ना तथा काठमाडौं पुगेर मन्त्रीदेखी प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही पाइएन् : गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरी**

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौं ।**

राजविराज-छिन्नमस्ता सडक खण्डको मर्मत कार्य यथासिघ्र सम्पन्न गर्न माग गर्दै बुधबार छिन्नमस्ता गाउँपालिका अध्यक्षसहित जनप्रतिनिधिहरु सडकमै धर्ना बसेका छन् ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ६ कोचाबखारी सडक खण्डमा बिहान १० बजेदेखी १२ बजेसम्म बीच सडकमै उनीहरु धर्ना बसेका हुन् ।

“छिन्नमस्ता मन्दिर सम्म जाने मूल सडकको विषयमा मेयरसँग संवाद कार्यक्रम”को आयोजना गरी दुई घण्टा बीच सडकमै धर्ना दिनुका साथै बहस समेत चलाइएको थियो ।

धर्नामा गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, पूर्वमन्त्री उमेशकुमार यादव, वडाअध्यक्ष, सवारीचालकका साथै भक्तजन र स्थानीयवासी समेत सहभागि थिए ।

मुलुककै प्रसिद्ध धार्मिकस्थलका रुपमा रहेको छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता मन्दिर पुग्ने बाटो विगत दुई वर्षदेखी ठाउँ ठाउँमा भत्किएर लथालिङ छ । भारतीय दर्शानार्थीहरु समेत ठूलो संख्यामा आउने छिन्नमस्ता मन्दिरमा सदरमुकाम राजविराजबाट जान पनि जीर्ण बाटोका कारण यात्रुले सास्ती खेप्नु परिहेको छ ।

राजविराजबाट १० किलोमिटर दक्षिणमा रहेको छिन्नमस्ता मन्दिरसम्म पुग्ने बाटो ठाउँ ठाउँमा खाल्डा खुल्डीका कारण पानी जमेर पोखरी बनेपछि थप समस्या भएको स्थानीयहरुको भनाई छ ।

बाटो बिग्रेका कारण १० किलोमिटरको यात्रा तय गर्न डेढ घण्टा लाग्ने गरेको छ । बाटो ठिक रहँदा ३० रुँपैया भाडा लाग्ने ठाउँमा अहिले ७० रुँपैया तिरेर यात्रा र सास्ती खेप्नु परेको भन्दै स्थानीयले अविलम्ब उक्त जीर्ण सडक मर्मत सम्भार गर्नुपर्ने सरकारसँग माग गरेका छन् ।

गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले उक्त सडक मर्मतको माग गर्दै आफूहरु गत असार ३० गते सडक डिभिजन कार्यालय लहानमा धर्ना तथा काठमाडौं पुगेर मन्त्रीदेखी प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही नपाइएको सुनाए ।

हिन्दुहरुको महान चाड वडा दशैं आउन झण्डै डेढ महिना बाँकी रहँदा समेत बाटो जीर्ण छन् । दशैंमा छिन्नमस्ता मन्दिरमा ठूलो भिड लाग्ने गर्दछ । यस अवस्थामा मन्दिर आवतजावत गर्ने एक मात्र यही मार्ग रहेकोले सडक निर्माण कार्य जतिसक्दो चाडो सम्पन्न गराउनेतर्फ स्थानीयहरुको माग समेत रहेको छ ।

## क्लबको जग्गा व्यक्तिको नाममा गएपछि गाउँपालिकाले गऱ्यो हस्तक्षेप



**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौं ।**

सप्तरीको रुपनी गाउँपालिका वडा नं. १ स्थित रुपनी युवा आदर्श क्लबको जग्गामा विवाद सिर्जना भएको छ ।

क्लबको जग्गा सोही गाउँपालिका वडा नं १ का भोगेन्द्र यादवले अनाधिकृत रुपमा कब्जा गरी भवन समेत भत्काउन थालेपछि गाउँपालिकाले हस्तक्षेप गर्दा विवाद सृजना भएको हो ।

बि.स.२०३२ सालमा रुपनी बजारको स्थापनाका लागि विभिन्न जग्गाधनीहरुलाई जग्गा वापत मुआब्जा दिएर बजारको स्थापना गरिएको र सोही क्रममा रुपनी गाउँपालिका भवनदेखि दक्षिण, नेपाल टेलिकमको दक्षिण-पुर्वको कुनाको जग्गा रुपनी युवा क्लबको नाममा कायम भएको तर, हाल अनाधिकृत रुपमा व्यक्तिले कब्जा गर्दा हस्तक्षेप गर्नु परेको गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले जानकारी दिए ।

रुपनी बजार बसाउने बेलामा तत्कालिन जग्गाधनी पद्म शमसेरले क्लबको नाममा जग्गा दिने प्रतिवद्धता जनाएको र उनका छोरा रणशमसेर थापाले पनि क्लबकै नाममा जग्गा दिने कुरामा प्रतिवद्ध रहेको बेला तीन बर्ष अघि रुपनीका २१ जनाले साविक देखि भोग चलन गर्दै आएका जग्गा थापाबाट आफ्नो नाममा पास गराउने बेलामा स्थानिय भोगेन्द्र यादवले सार्वजनिक उपभोगमा रहेको क्लबका जग्गा पनि झुक्याएर आफ्नो नाममा पास गराएको अध्यक्ष यादवको भनाई छ ।

क्लबको सो जग्गामा बि.स.२०५५ सालमा करिव १२ लाखको लागतमा भवन निर्माण गरिएको र अहिले आएर भोगेन्द्र यादवले क्लबको घर भत्काउन लाग्दा आवश्यक कारवाही तथा भवन तोडफोड रोक्काका लागि भदौ ३ गते जिल्ला प्रशासन कार्यालय सप्तरीलाई पत्राचार समेत गरिएको उनले जानकारी दिए ।

‘रुपनी गाउँपालिकाद्वारा जारी गरिएको नाप नक्सा अनुसार नक्शा नम्बर ३५ को लम्बाई ५ दश्मलब ६ मिटर र चौडाई ५ मिटर रहेका पक्की भवन रुपनी युवा आदर्श क्लबको भोग चलनमा रहेको उल्लेखित भएको हुँदा सो जग्गा र सार्वजनिक भवन रुपनी गाउँपालिका वडा नम्बर १ बस्ने भोगेन्द्र यादवले अनाधिकृत रुपमा कब्जा गरी उक्त भवन तोडफोड गरिरहेको हुँदा उक्त सार्वजनिक भवनको तोडफोड गर्ने कार्य रोक्का गरी निज व्यक्तिलाई आवश्यक कानुन बमोजिमको कारवाही गरी क्षतिपुर्ती समेत भराई दिनुहुन अनरोध छ’गाउँपालिकाले जिल्ला प्रशासन कार्यालयलाई लेखेको पत्रमा भनिएको छ ।

यता भोगेन्द्र यादवले भने सो जग्गा सार्वजनिक नभई आफ्नो निजी भएको बताएका छन् । २० औं बर्ष देखि आफ्नो भोग चलनमा रहेको र रु १० लाख तिरेर जग्गा धनीबाट पास गराएको प्रतिक्रिया दिएका छन् । ‘त्यो क्लव नभई मेरो घर हो र मैले आफ्नो सम्पतिलाई संरक्षण गर्न लाग्दा गाउँपालिकाले अनावश्यक रुपमा हस्तक्षेप गरी जग्गा रोक्का गराएको छ’ यादवले भने ।

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## सम्पादकीय ....

### बिरामीको उपचारप्रति गम्भिर बन्

स्वास्थ्य संस्थाहरु अझै बिरामीको उपचारप्रति गम्भिर बन्न सकिरहेका छैनन् । कर्मचारी र चिकित्सक भएका संस्थामा डियुटीको समयमा नआउनाले बिरामीले सास्ती भोग्नु परिरहेको छ । सरकारले निशुल्क दिइने भनिएका औषधीहरु समेत ती संस्थाहरुमा नहुनुले बिरामीहरु बाध्य भई त्यस्ता औषधी बजारबाट खरीद गर्ने गरेका छन् । यसकारण सरकारी स्वास्थ्य संस्थाहरु स्थानिय स्तरमा गैरजिम्मेवार बन्दै गएको छ ।

विगतमा जिल्ला जनस्वास्थ्य कार्यालय मातहतमा संचालन हुने गरेका स्वास्थ्य संस्थाहरु अहिले स्थानिय तहको मातहतमा संचालन हुँदै आएपछि झनै हेलचक्राई हुँदै गएको छ । स्थानिय तहमा गभिएसँगै स्वास्थ्य संस्थाहरु गैरजिम्मेवार भएका छन् । बिहान १० बजे कार्यालय खुल्नु पर्नेमा १२ बजेसम्म पनि खुल्दैनन् । यदी खुलेमा स्वास्थ्यकर्मीहरु १२ बजेपछि आउने परम्परा बसेको छ । स्वास्थ्य जस्तो संवेदनशिल संस्थामाथी सम्बन्धीत निकायले निगरानी बढाउन सकेको छैन् । यसप्रति स्थानिय तहका जनप्रतनिधिहरु पनि स्वास्थ्य संस्थालाई गम्भिरतापूवर्क लिनसकिरहेका छैनन् ।

तसर्थ स्वास्थ्य जस्तो संवेदनशिल संस्थामा स्थानिय पालिका तथा स्वास्थ्य कार्यालयले निगरानी बढाएर सुधारको बाटोतर्फ उन्मुख गराउनेतर्फ ध्यानाकर्षण हुनु जरुरी छ भने मानवको स्वास्थ्यसँग खेलवाड गर्ने जो सुकैलाई पनि कारवाही गर्नेतर्फ पनि कदम चाल्न आट देखाउनु पर्छ ।

# राज्यको मूल प्रवाहमा मधेशी समुदायको सहभागिता सुधारात्मक

**सुशील दर्नाल**
काठमाडौँ, ५ भदौ (रासस) ।

नेपालको भौगोलिक क्षेत्रअनुसार तराईको क्षेत्रफल २३.१ प्रतिशत र जनसङ्ख्या ५३.६६ प्रतिशत रहेको छ । मूल रुपमा तराई क्षेत्रमा मधेशी समुदायको बसोबास रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार ३३.२८ प्रतिशत मधेशी समुदाय रहेको छ । जनगणनामा थारु र मुस्लिमको सङ्ख्यासमेत जोडिएको छ । जसमध्ये थारु ६.२ प्रतिशत, मुस्लिम ४.८६ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा २२.२२ प्रतिशत पूर्ण मधेशी समुदायको जनसङ्ख्या रहेको यकिन गर्न सकिन्छ । मधेशी आयोगले पछिल्लो समय गरेको अध्ययनअनुसार नेपालको कूल ८६ हजार दुई सय ९६ निजामती कर्मचारीमध्ये आठ प्रतिशत सङ्ख्या मधेशीको रहेको छ ।
जसमध्ये ७६.६८ प्रतिशत अर्थात् ५३०३ जना प्राविधिक क्षेत्रमा, २२.७७ प्रतिशत अर्थात् एक हजार पाँच सय ७५ अप्राविधिक क्षेत्रमा र बाँकी ०.५३ प्रतिशत अर्थात् ३७ जना अन्य क्षेत्रमा रहेको तथ्याङ्कले देखाउँछ । त्यसैगरी सुरक्षा निकायमध्ये नेपाल प्रहरीमा १२ प्रतिशत अर्थात् नौ हजार चार सय ८२ जना मधेशी रहेका छन् । तथ्याङ्क सङ्कलनबाट वित्तीय क्षेत्रको माथिल्लो निकाय नेपाल राष्ट्र बैंकमा १२.११ प्रतिशत मधेशी रहेका छन् । मधेशी समुदायले विस्तारै निजामतीदेखि अन्य सेवामा आफ्नो क्षेत्र विस्तार गरे पनि मधेशी समुदायको जनसङ्ख्याको आधारमा यो अत्यन्तै कम रहेको मूल्याङ्कन गर्न सकिन्छ ।

अध्ययनबाट मधेशी समुदायको उपस्थिति मुलुकभरका अधिकांश स्थानीय तहमा देखिन्छ । सातै प्रदेशका अधिकांश स्थानीय तहका प्रशासन, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा मधेशीहरुको उपस्थितिले उक्त क्षेत्रमा अब्बलता झल्काएको छ । मधेश प्रदेशसँगै देशभरका स्थानीय कार्यालयहरुमा प्राविधिक क्षेत्रबाहेक पनि अन्य सबै क्षेत्रमा मधेशीको पहुँच अध्ययनले देखाउँछ । नेपाली सेनामा करिब तीन प्रतिशत मधेशी सङ्ख्या हुनु तथा माथिल्लो पदहरुमा केही सङ्ख्यामा मधेशी पुग्नु भविष्यको लागि आशा जगाउने यथार्थको रुपमा चित्रित गर्न सकिने आयोगका अध्यक्ष डा विजयकुमार दत्तले जानकारी दिनुभयो ।

संविधान तथा निर्वाचनसम्बन्धी कानुनहरूमा भएको व्यवस्थाबमोजिम निर्वाचन आयोगले २०७४ सालमा सम्पन्न गरेको स्थानीय तह, प्रदेशसभा सदस्य, प्रतिनिधिसभा सदस्य, राष्टि(यसभा सदस्य, राष्ट(पति तथा उपराष्ट(पति निर्वाचनको परिणामअनुसार स्थानीय तहमा ४०.७५ प्रतिशत, प्रदेशसभामा ३४.४० प्रतिशत, प्रतिनिधिसभामा ३३.५३ प्रतिशत र राष्ट्रियसभामा ३७.३० प्रतिशत महिला तथा समावेशी समूहको प्रतिनिधित्व रहेको छ ।

सामाजिक समावेशी दृष्टिकोणले हेर्दा मधेशी र दलितको प्रतिनिधित्व स्थानीय तहमा क्रमशः १६ प्रतिशत र २४ प्रतिशत, प्रदेशसभामा क्रमशः १८ प्रतिशत र छ प्रतिशत, प्रतिनिधिसभामा क्रमशः १७ प्रतिशत र ७ प्रतिशत तथा राष्ट्रियसभामा क्रमशः आठ प्रतिशत र १२ प्रतिशत रहेको छ । प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार शाहले पछिल्लो समयमा राज्यका संरचनाहरुमा केही मात्रामा मधेशी समुदायको प्रतिनिधित्व भए पनि सन्तुष्टि हुने अवस्था नरहेको विश्लेषण गर्नुभयो । उहाँले भन्नुभयो, “मुलुकमा समावेशीता लागू भएपपछि सरकारी कर्मचारीमा मधेशीको सहभागिता पनि बढ्दै गएको देखिन्छ तर त्यो पर्याप्त होइन ।” निजामती सेवा ऐनको दफा (७) मा पदपूर्तिसम्बन्धी व्यवस्था गरी विशिष्ठ श्रेणी बाहेकका पदमा खुला र बढुवाद्वावारा पदपूर्ति गरिने प्रतिशत निर्धारण गर्दै खुलाद्वारा पदपूर्ति गर्दा कूल पदको ३५ प्रतिशत पद विभिन्न समूह र भूगोलका लागि आरक्षण गरिएको छ । खुला प्रतियोगितामा आरक्षणको व्यवस्था गर्दै निर्धारितमध्ये ४५ प्रतिशत कायम हुन आएकालाई शतप्रतिशत मानी महिला, मधेशी, आदिवासी/जनजाति, दलित, पिछडिएको क्षेत्र र अपाङ्ग गरी छ समूहमा बढीमा ३३ देखि कममा चार प्रतिशतसम्म रहने गरी आरक्षित गरिएको छ ।

मधेशी, दलित, आदिवासी/जनजातिका लागि थरलाई आरक्षण दिने आधारका रुपमा लिइएको छ । आरक्षित पदसङ्ख्यामध्ये महिलालाई ३३ प्रतिशत, आदिवासी जनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई नौ प्रतिशत, अपाङ्गलाई पाँच प्रतिशत र पिछडिएको क्षेत्रलाई चार प्रतिशत पद सुरक्षित गरिएको छ । त्यसैगरी नेपाल विविध सेवातर्फ ३०२ जना, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवामा २२ जना, नेपाल इञ्जिनियरिङ सेवामा १२४० जना, नेपाल कृषि सेवामा एक सय ७५, नेपाल न्याय सेवामा दुई सय ५२, नेपाल परराष्ट्र सेवामा १४, नेपाल प्रशासन सेवामा एक हजार तीन सय १२, नेपाल लेखा परीक्षण सेवामा २२, नेपाल वन सेवाममा २९८, नेपाल शिक्षा सेवामा ८७, नेपाल संसद् सेवामा तीन, नेपाल स्वास्थ्य सेवा तीन हजार एक सय ७५, व्यवस्थापिका संसद् सेवा चार, संवैधानिक पदाधिकारी छ र अन्य दुई जना गरी छ हजार ९१५ जना मधेशी समुदायको प्रतिनिधित्व रहेको छ ।

सङ्घ र प्रदेश तहमा निजामतीमा मधेशी समुदायको सङ्ख्या हेर्दा सङ्घमा पाँच हजार तीन सय ३३, कोशी प्रदेशमा एक सय ४१, मधेशमा एक हजार दुई सय ५४, बागमतीमा ४२, गण्डकीमा छ, लुम्बिनीमा एक सय ९, कर्णालीमा छ र सुदूरपश्चिम प्रदेशमा २४ जना रहेको देखिन्छ । आयोगका सचिव नरेशराज खरेलले भन्नुभयो, “तहगत रुपमा निजामती कर्मचारीमा मधेशीको सङ्ख्या हेर्दा अतिरिक्त न्यायाधीश एक, न्यायाधीश उच्च अदालत चार, जिल्ला न्यायाधीश एक, अधिकृत एघारौँ पाँच, अधिकृत दशौँ १४, अधिकृत नवौँमा २२, अधिकृत आठौँ १०१, अधिकृत सातौँ २०, अधिकृत छैटौँ ४४, सहायक पाँचौँ एक सय ५४, सहायक चौँथो एक सय ८१, दशौँ तह दुई नवौँ तह १० र आठौँ तह ७५ जना रहेका छन् ।” प्राविधिकमा पाँच हजार तीन सय तीन, अप्राविधिक एक हजार पाँच सय ७५ र अन्यमा ३७ जना, नेपाली सेना दुई हजार दुई सय ६९, नेपाल प्रहरी नौ हजार चार सय ८२, सशस्त्र प्रहरी बल पाँच हजार चार सय ७४, राष्ट्रिय अनुसन्धान विभागमा दुई सय ६२ जना रहेको अध्ययनले देखाएको छ ।

नेपाली सेनातर्फ रथीवृन्द तथा अधिकृतस्तरमा ९३ र पदिक तथा अन्य दर्जामा दुई हजार एक सय ७६ गरी जम्मा दुई हजार दुई ६९ रहेको छ । नेपाल प्रहरीमा मधेशी समुदायको प्रतिनिधित्व हेर्दा प्रअमनि एक, प्रनामनि दुई, प्रवउ छ, प्रउ पाँच, प्रनाउ २५, प्रनि ११९, प्रवनानि ७४, प्रनानि २३७, प्रसनि एक हजार २६, प्रवह ५५७, प्रहरी एक हजार आठ सय ४६, प्रजमा ३ हजार ८५९, प्रकाशमा २३३ गरी जम्मा नौ हजार ४८२ रहेको तथ्य छ । राष्ट्रिय अनुसन्धान विभागतर्फ राप प्रथम श्रेणीमा तीन, राप द्धितिय श्रेणी १४, राप तृतीय श्रेणी १२, रापअनं. प्रथम २८, रापअनं. द्वितीय ७८, रापअनं. तृतीय ४३ र रापअनं. चतुर्थमा ८४ गरी जम्मा २६२ जना रहेका छन् ।

सशस्त्र प्रहरीमा पाँच हजार ४७४ जना अधिकृत तथा सहायकस्तर रहेका छन् । संवैधानिक आयोगतर्फ लोक सेवा आयोगमा एक पदाधिकारी र २४ कर्मचारी, महालेखा परीक्षकको कार्यालयमा ३३ कर्मचारी मधेशी आयोगका पाँच पदाधिकारी र दुई जना कर्मचारी, महिला आयोगमा एक जना पदाधिकारी र तीन कर्मचारी, राष्ट्रिय मानव अधिकार आयोगमा एक पदाधिकारी र ३२ कर्मचारी, मुस्लिम आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय समावेशी आयोग र राष्ट्रिय दलित आयोग भने मधेशी समुदायको पदाधिकारी र कर्मचारी शून्य रहेको छ ।

संसद् सचिवालयतर्फ सङ्घीय संसद्मा ६९ सांसद र १७ जना कर्मचारी रहेका छन् । त्यसैगरी मधेश प्रदेशमा एक सय ६८ जना सांसद र ७९ जना कर्मचारी रहेका छन् । ‘राष्ट्रिय समाचार समिति (रासस) मा ३२ जना, रेडियो नेपालमा ६६, गोरखापत्र संस्थानमा १७ र नेपाल टेलिभिजनमा ६३ जना गरी जम्मा एक सय ७८ जना मधेशी समुदाय रहेको पाइएको छ’, अध्ययन प्रतिवदेनमा भनिएको छ । नेपाल राष्ट्र बैँकमा एक सय ३६, कृषि विकास बैँक दुई सय २१ र नेपाल बैँक लिमा तीन सय ७८ गरी जम्मा सात सय ३५ मधेशी

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

जनहितमा जारी सन्देश
दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।
बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो
भविष्य निर्माणमा आजै देखि सबै लागौं ।
“सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ”

अनुरोधकर्ता : बोदेबरसाईन नगरपालिका, सप्तरी

# धनुषामा तीन सय ७७ उद्योग बन्द

जनकपुरधाम, ५ भदौ (रासस)।

धनुषामा गत आर्थिक वर्ष २०८०/८१ मा तीन सय ७७ वटा उद्योग बन्द भएका छन्।

गत आवमा वाणिज्यतर्फ दुई सय ५९ तथा उद्योगतर्फ एक सय १८ उद्योग बन्द भएका घरेलु तथा साना उद्योग कार्यालय धनुषाका प्रमुख किशोरीशरण यादवले जानकारी दिनुभयो। उद्योग बन्द हुँदा त्यहाँ कार्यरत करिव नौ हजारभन्दा बढी कामदार बेरोजगार भएका छन्।

कार्यालयका अनुसार गत आर्थिक वर्षमा वाणिज्यतर्फ एक हजार १२ उद्योग दर्ता, दुई हजार ५९ उद्योग नविकरण, पूजीवृद्धितर्फ एक सय ६४, नामसारीतर्फ १९, ठाउँसारीतर्फ २४, शाखा थप १३, प्रतिलिपी दुई सय २५, नामपरिर्वतन ६९ तथा आयात एवम् निर्याततर्फ ५४ व्यवसाय रहेका छन्।

त्यसैगरी उद्योगतर्फ दर्ता आठ सय पाँच, नविकरणतर्फ नौ सय ७८, पूजीवृद्धितर्फ ५९, नामसारी ५६, ठाउँसारी पाँच, प्रतिलिपीतर्फ एक सय ६, फर्मको नाम परिवर्तन ४३ तथा उद्देश्य थप १२ वटा रहेको सो कार्यालयले जनाएको छ।

सोही आर्थिक वर्षमा कार्यालयले उद्योग दर्ता तथा नविकरण बापत रु ५७ लाख २३ हजार राजस्व सङ्कलन गरेको प्रमुख यादवले बताउनुभयो। गत आर्थिक वर्षमा उद्योग तथा वाणिज्य बन्द हुँदा जनकपुरका विभिन्न स्थानका करीब एक सय सटर बन्द भएको तथा उद्योगी व्यवसायी पलायन भएका थिए।

हाल धनुषामा साना उद्योग पाँच सय ३६, लघु उद्योग पाँच सय ५१ तथा घरेलु उद्योग एक हजार ५८ सञ्चालनमा रहेका छन्। ती उद्योमा महिला र पुरुष गरी करीव सात हजार कामदार प्रत्यक्षरुपमा लाभान्वित हँदैआएका कार्यालय प्रमुख यादवले बताउनुभयो।

# ‘कानुन बनाउँदा मानवीय पक्षलाई बढी ध्यान दिनुपर्छ’

काठमाडौँ, ५ भदौ (रासस)।

जैविक विविधता संरक्षणसम्बन्धी कानुन निर्माण गर्दा मानवीय पक्षलाई बढी ध्यान दिनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन्। प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिको समन्वयमा असल शासन संरक्षण मञ्चले बुधबार यहाँ आयोजना गरेको ‘रेखाङ्कित पूर्वाधारको विकासमा प्राकृतिक सम्पदाको सुरक्षा’ विषयक कार्यक्रममा सरोकार भएकाहरूले यस्तो जोड दिएका हुन्।

समितिका सभापति दिपकबहादुर सिंहले प्रकृतिमा भएका सबै प्राणीलाई बाँच्न पाउने उत्तिकै अधिकार भए पनि मानवीय पक्षलाई विशेष ध्यान दिएर कानुन बनाउनुपर्ने बताउनुभयो। “प्रकृतिमा भएका सबै प्राणालीलाई बाँच्ने उत्तिकै अधिकार छ, त्यसमा पनि मानवीय पक्षलाई बढी ध्यान दिनुपर्छ। कानुन बनाउँदा विकासलाई प्रोत्साहन र विनाशलाई निरुत्साहन हुनेगरी बनाउन आवश्यक छ”, उहाँले भन्नुभयो।

सभापति सिंहले पूर्वाधार विकास गर्दा भावी पुस्तालाई केन्द्रमा राखेर बनाउनुपर्ने र त्यसका लागि सरोकार भएका सबैपक्ष एकजुट भएर काम गर्नुपर्नेमा जोड दिनुभयो। “आज सबै पक्षलाई विचार गरेर कानुन बनाएनौं भने भोलिका सन्ततिले धिर्कानेछन्”, उहाँले भन्नुभयो, “कम्तीमा एकपटक बनाएको कानुन ५० वर्ष पुगोस्, त्यो कानुनका कारण भएको संरक्षण र पूर्वाधार विकासलाई हेरेर भावी पुस्ताले धन्यवाद दिउन्।”

पूर्वभौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले पूर्वाधार विकास गर्दा वन, वातावरण र जैविक विविधतालाई असर नपर्ने गरी बनाउनुपर्ने बताउनुभयो। उहाँले प्राकृतिक स्रोतसाधनको संरक्षणका साथै त्यसको उपयोग पनि गर्नुपर्नेमा जोड दिनुहुँदै सङ्घ, प्रदेश र स्थानीय तहको कानुनलाई समेत सन्तुलनमा राखेर काम गर्न आवश्यक रहेकामा जोड दिनुभयो।

पूर्ववन तथा वातावरणमन्त्री शङ्कर भण्डारीले वन्यजन्तु संरक्षण गर्दा मानवीय पक्षलाई ध्यान दिनुपर्ने र समस्या मात्र नभएर समाधानमुखी बहस जरुरी भएको बताउनुभयो। उहाँले आफूले वनमन्त्री हुँदा केही गर्ने प्रयास गरे पनि पर्याप्त हुन नसकेको बताउनुभयो।

पूर्वसहरी विकासमन्त्री सीता गुरुङले जैविक विविधताको संरक्षण गर्ने सन्दर्भमा वन्यजन्तु जोगाउनका लागि ठूलो मानवीय क्षति भइरहेको बताउनुभयो। “वन्यजन्तु जोगाउनका लागि मानवीय पक्षको ठूलो क्षति भइरहेको छ। बाँदरका कारण बस्ती नै विस्तापित भइरहेका छन्, अन्य वन्यजन्तुको पनि त्यतिकै त्रास छ”, उहाँले भन्नुभयो, “नेपालमा कानुन बनाउँदा व्यावहारिक पक्ष र मानवीय पक्षलाई बढी ध्यान दिनुपर्ने देखिएको छ।”

सांसदहरू प्रतिमा गौतम, सुशीला श्रेष्ठ, राजेन्द्र बजगाईं र प्रेम महर्जनले मानव-वन्यजन्तु द्वन्द्वका विषय पटकपटक सदनमा उठ्ने गरे पनि समाधान हुनेगरी काम हुन नसकेको धारणा राख्नुभयो।

नीतिविज्ञ कमल सुवेदीले नीति तथा कानुन बनाउँदा वर्तमानलाई मात्र नभएर भावी पुस्तालाई समेत समेटेर बनाउनुपर्ने र त्यसमा पनि स्थानीय आवश्यकतालाई ख्याल गर्नुपर्नेमा जोड दिनुभएको थियो।

मञ्चका अध्यक्ष जयदुर्गा बुढाथोकीले मुलुकमा सुशासन, जैविक विविधता, जलवायु परिवर्तन, दिगो विकास क्षेत्रमा मञ्चले काम गर्दै आएको जानकारी गराउनुभयो। उहाँले जैविक विविधता संरक्षण गर्दा मानवीय पक्षलाई बढी ध्यान दिनुपर्ने र नीतिगत व्यवस्थाका लागि समन्वय गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा प्राकृतिक जैविक विविधता संरक्षण, प्राकृतिक संरक्षण र त्यसका कानुनी पक्षलगायत विषयमा विभिन्न चार वटा कार्यपत्र प्रस्तुत गरिएका थिए।

## राज्यको मूल ...

समुदायका कर्मचारी रहेका छन्। मधेशी समुदायको हक हित प्रबर्द्धन गर्दै उनीहरुलाई राज्यको मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ।

मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई २०७४ असोज २७ गते राष्ट्रपतिबाट प्रमाणीकरण भई विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो। सरकारको २०७५ कात्तिक २७ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालयको स्थापना भएको हो। मधेशी आयोग ऐन २०७४ को दफा ७ अनुसार मधेशी समुदायको सम्बन्धमा तीनै तहका सरकारलगायतका सरोकारवाला संस्थाहरुमा सुझाव र सिफारिस गर्ने कानुनी अधिकार रहेको छ।

संविधानको प्रस्तावनामै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद् र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक, समानता, सवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनिएको सन्दर्भमा समावेशी राज्य निर्माण गर्न जरुरी छ। राज्यका हरेक संरचनामा महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्रलागयत सिमान्तकृत समुदायको समान सहभागिता हुन आवश्यक देखिन्छ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधारतथामालपोतकार्यालयसप्तरी,राजविराज

मिति :-२०८१/०५/०५

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

यसमा २००४ सालको श्रेस्ता बमोजिम रैती नं. ३३खेदु माझीको नाममा दर्ता रहेका साबिक प्रगन्ना मालझमुना मौजे भूसी कडहर्वा सा.कि.नं. ७४ को ज.वि. ०-२-६ र सा.कि.नं. ९८ ज.वि. ०-२-७ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. दौलतपुर वडा नं.८ हाल सुरुङ्गा न.पा. वडा नं. ३ बस्ने सतावन माझीको बुहारी रामजी चौधरी थारुको पत्नी चन्द्रकला थरुनीको यस कार्यालयमा द.नं. २२४७८ मिति २०८१/०२/१८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०५/०४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७४ | खेदु माझी | दौलतपुर | ८क | २६८ | ०-१-१.५ | चन्द्रकला थरुनी | यो जग्गा २००४ सालमा रैती नं. ३३ को खेदु माझीको नम्बरी हो । निज मर्दा अंशबण्डा लिखत बमोजिम हक खाने बुहारी चन्द्रकला थरुनी । फिल्डबुकको ज.ध. महलमा रामजी चौधरी बाबु सतावन बाजे खेदु भएको |
| ९८ | खेदु माझी | दौलतपुर | ८क | २३६ | ०-११-२.५ | चन्द्रकला थरुनी | |


# विश्व समाचार

## गाजा आक्रमणका क्रममा १७० पत्रकारको मृत्यु

गाजा, ५ भदौ (रासस/क्यूएनए)।

गत अक्टोबर-७ मा गाजा पट्टीमा इजरायली आक्रमण सुरु भएदेखि शहीद भएका पत्रकारहरूको सङ्ख्या १७० पुगेको छ। गाजाको सरकारी मिडिया कार्यालयले जारी गरेको विज्ञप्तिमा गाजा शहरको मुस्तफा हफेज विद्यालयलाई निशाना बनाई गरिएको आक्रमणमा पत्रकार हम्जा अब्दुल रहमान मुर्तजाको शहादतपछि मृत्यु भएका पत्रकारहरूको सङ्ख्या १७० पुगेको उल्लेख छ।

विज्ञप्तिमा विश्वव्यापी पत्रकारिताको क्षेत्रमा अन्तर्राष्ट्रिय इजरायली कब्जालाई रोकी अपराधका लागि अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चलाउन र पत्रकारको हत्या र अपराध रोक्न दबाब दिन आह्वान गरिएको छ। इजरायली कब्जामा रहेको विमानले मङ्लबार गाजामा सयौं विस्थापितलाई आश्रय दिँदै एक विद्यालयमा बम प्रहार गरेको थियो। जसमा अधिकांश महिला तथा बालबालिकासहित १२ जना प्यालेस्टिनीहरू मारिएका थिए भने दर्जनौं घाइते भएका थिए।

गाजा आक्रमणको १० महिनाभन्दा बढी समयदेखि जारी छ। युद्धका कारण परिणामस्वरूप दशौं हजार शहीद, घाइते र बेपत्ता छन्, आक्रमणले पूर्वाधार र महत्त्वपूर्ण सुविधाहरूको विनाश गरेको छ। निरन्तरको आक्रमणले गाजामा खाना, पानी, औषधि र ईन्धनलगायतको आपूर्ति अवरुद्ध भएको कारण गाजापट्टीमा अकल्पनीय मानवीय सङ्कट निम्त्याएको छ।

## इरानमा पाकिस्तानी तीर्थयात्री चढेको बस दुर्घटना हुँदा २८ जनाको मृत्यु

तेहरान, ५ भदौ (रासस/एएफपी)।

इराकमा शिया मुस्लिम धर्मावलम्बीको धार्मिक अनुष्ठानका लागि जाँदै गरेको बस दुर्घटना हुँदा कम्तीमा २८ जना पाकिस्तानी तीर्थयात्रीको मृत्यु भएको इरानको राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। पैगम्बर मोहम्मदका नाति इमाम हुसेनको शोकको ४० औं दिनको अवसरमा मनाइने सिया धर्मावलम्बीहरूको महत्वपूर्ण धार्मिक अनुष्ठान अर्बेन स्मृति समारोहमा भाग लिन पाकिस्तानी तीर्थयात्रीहरू इरान हुँदै इराकतर्फ गएका थिए।

“मङ्गलबार राति ५१ जना पाकिस्तानी तीर्थयात्री चढेको एउटा बस मध्य प्रान्त याज्दको देहशिर-ताफ्ट सुरक्षा जाँच केन्द्रअगाडि पल्टिएपछि आगलागी भएको इरानी राष्ट्रिय टेलिभिजन च्यानलले जनाएको छ। “बुधबार विहानसम्म २८ जनाको मृत्यु भएको छ भने २३ जना घाइते भएका छन्,” इरानी टेलिभिजनले समाचारमा उल्लेख गरेको छ।

याज्द प्रान्तका सङ्कट व्यवस्थापन प्रमुख अलि मालेक-जादेहले घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको बताउँदै मृतक सङ्ख्यामा थप वृद्धि हुनसक्ने बताउनुभएको छ। मालेक-जादेहले भन्नुभयो, “मृत्यु हुनेमा ११ महिला र १७ पुरुष रहेका छन्। घाइते २३ जनामध्ये छ जना अस्पतालबाट डिस्चार्ज भइसकेका छन्। अन्य सात जनाको अवस्था गम्भीर छ भने १० जनाको अवस्था सामान्य छ।” गत वर्ष इराकको कर्बला शहरमा हुसेन र उहाँका भाइ अब्बासलाई गाडिएको स्थानमा करिब दुई करोड २० लाख तीर्थयात्रीले उक्त स्मृतिसभा सहभागीता जनाएका हुन्।

## भारतको उत्तरी राज्यमा बन्दका कारण सामान्य जनजीवन प्रभाबित

नयाँदिल्ली, ५ भदौ (रासस/एएनआई)।

अनुसूचित जाति र जनजातिका लागि आरक्षणसम्बन्धी सर्वोच्च अदालतको निर्णयको विरोधमा दलित र आदिवासी सङ्गठनहरूले बुधबार आह्वान गरेको भारत बन्दको प्रभाव देशका धेरै राज्यमा परेको छ। अनुसूचित जाति र जनजातिका लागि आरक्षणमा ‘क्रिमी लेयर’ लागू गर्ने सर्वोच्च अदालतको निर्णयको विरोधमा दलित र आदिवासी सङ्गठनहरूले अगस्ट २१ मा भारत बन्दको आह्वान गरेका हुन्।

यो बन्दको असर धेरै राज्यमा देखिन थालेको छ। बिहार र झारखण्डका धेरै सेवा प्रभावित भएका छन्। झारखण्डमा बस सेवा नराम्ररी प्रभावित भएको छ। बसहरू पार्किङस्थलबाट बाहिर निस्कन सकेका छैनन्। बिहारको जहानाबादमा बन्दसमर्थकहरूले सडकमा नाराबाजी गरिरहेका छन्। आरामा बन्द समर्थकले रेलवे लाइनमा बसेर विरोध प्रदर्शन गरिरहेका छन्। राजस्थानका धेरै शहरहरूमा पसलहरू बन्द छन्। बन्दको प्रभाव धेरै राज्यहरूमा देखिएको छ।

प्रदर्शनकारीले दरभङ्गामा बिहार सम्पर्क एक्सप्रेस रोकेका छन्। यद्यपि, उत्तर प्रदेशमा बन्दको खासै प्रभाव परेको छैन। दलित सङ्गठनको आन्दोलनमा कतिपय राजनीतिक दलहरूले पनि समर्थन जनाएका छन्।

बहुजन समाज पार्टी (बसपा) की प्रमुख मायावतीले सर्वोच्च अदालतको फैसलामा संविधान संशोधन गर्न सरकारसँग माग गर्दै शान्तिपूर्ण रूपमा हुने भारत बन्दको कार्यक्रममा आफ्नो समर्थन रहेको बताउनुभएको छ।

मायावतीका भतिजा आकाश आनन्दले भारत बन्दको समयमा बसपा कार्यकर्ताहरूलाई पार्टीको झण्डासहित शान्तिपूर्ण रूपमा भाग लिन आग्रह गर्नुभएको छ। यसैबीच, बिहारमा राष्ट्रिय जनता दल (आरजेडी) ले समर्थन जनाएको छ भने केन्द्रीय मन्त्री जीतनराम माँझीले यसलाई ‘विपक्षीको भारत बन्द’ भन्नुभएको छ। बन्दलाई मध्यनजर गर्दै प्रशासनले राजस्थानका धेरै जिल्लामा सुरक्षा व्यवस्था कडा बनाएको छ। प्रदेशका धेरै जिल्लामा शैक्षिक संस्था बन्द गर्न आदेश जारी गरिएको छ।

उत्तर प्रदेशको राजधानी लखनउमा निषेधाज्ञा जारी गरिएको छ र लकडाउनको समयमा कुनै पनि हिंसात्मक गतिविधि नगर्न प्रशासनलाई निर्देशन दिइएको छ। मध्य प्रदेशको प्रशासनले भारत बन्दको समयमा विशेष सावधानी अपनाउन निर्देशन दिएको छ। यसअघि सन् २०१८ अप्रिल २ मा दलित सङ्गठनले आह्वान गरेको भारत बन्दका क्रममा धेरै स्थानमा हिंसा भएको थियो भने मध्यप्रदेशमा छ जनाको मृत्यु भएको थियो। उत्तर प्रदेश, बिहार, राजस्थान र मध्य प्रदेशमा भारत बन्दका लागि प्रशासनले बन्दलाई कुनै आक्रामक हस्तक्षेप नगर्ने तर सम्भावित हिंसालाई मध्यनजर गरी सुरक्षा व्यवस्थालाई कडा पारेको छ।

# "युवाको सबै तह तथा निकायमा समान सहभागिता सुनिश्चित हुनुपर्छ"



दैनिक समाचारदाता
राजविराज, ५ भदौं ।

जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साहले सबै तह तथा निकायमा समान सहभागिता सुनिश्चित गरेमात्र युवाहरूको विकास हुने विश्वास व्यक्त गरे।

बुधवार राजबिराजमा सबल नेपालको आयोजनामा तथा युएसएआईडीको आर्थिक सहयोग, द एसिया फाउन्डेशन कार्यन्वयन गरेको संस्था युवा संजाल गठन कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

प्रमुख साहले युवाहरूले सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकको रुपमा विकसित हुने अवसर राज्यले सृजना गर्नुपर्नेमा जोड दिए ।

प्रमुख साहले परिवर्तनका सम्वाहक भएकोले सामाजिक, राजनीतिक परिवर्तनमा युवा शक्तिको निर्णायक सहभागिताका कारण परिवर्तन सम्भव भएबाट राज्यले निर्माण गर्ने कानुन, नीति एवं कार्यक्रममा युवा र उनीहरुका सरोकारका विषय सम्बोधन हुन आवश्यक रहेको बताए ।

कार्यक्रममा गैसस सप्तरीका अध्यक्ष दिपक कुमार झाले राज्य सञ्चालन प्रकृयामा समावेश गर्न नसकेमा राष्ट्रले उनीहरुको उर्जा र प्रतिभाबाट लाभ लिनुको सट्टा कुलत, विकृति, द्वन्द्व र अस्थिरताको सामना गर्नुपर्ने स्थिति आउन सक्ने बताए ।

कार्यक्रममा प्रदेश युवा संजालका अध्यक्ष मोहम्मद नईमले युवाहरूलाई राज्यको नीति निर्माण र निर्णय प्रक्रियामा सार्थक सहभागिता सुनिश्चित गराई युवाको सवाल र मुद्दामा नयाँ राष्ट्रिय युवा नीति वाट युवा मैत्री कार्यक्रम संचालन गर्नुपर्नेमा जोड दिए ।

सबल नेपालका अध्यक्ष जुना गिरिले नेट वर्कलाई सक्रिय र बलियो बनाई युवाहरूको सवाल, अधिकार र पैरवीको लागि अगाडि बढनुपर्ने जोड दिईन ।

कार्यक्रममा राजबिराज नगरपालिकाको महिला विकास अधिकृत अनिता चौधरीले राज्यका नीति, कानुन एवं कार्यक्रमले सहीरुपमा सम्बोधन गर्न नसक्दा अवसरको खोजीमा विदेश जाने र उतै पलायन हुने समस्याले विज्ञ र विशेषज्ञको सेवा एवं उर्जाबाट मुलुक स्वयं वञ्चित हुन पुगेको जिकिर गरिन ।

जिल्ला युवा संजालका ईन्चार्ज बरदान श्रेष्ठले बजारमा उपलब्ध दक्ष र योग्य युवालाई देशभित्र अवसर सृजना गर्न नसक्नुको मुख्य कारण जनशक्तिको माग र शिक्षाबीच सामञ्जस्य कायम हुन नसक्दा धेरै युवाहरु बेरोजगार हुनु परेको र त्यसको समाधानका लागि विदेशिने गरेको बताए ।

जिल्ला समन्वय समितिका प्रमुख साहको अध्यक्षतामा आयोजित गठन कार्यक्रममा गैसस अध्यक्ष तथा सबल नेपाल कार्यकारी दिपक झाले संस्थाको बारेमा प्रस्तुती गरेका थिए । यसैगरी संजालको काम, कर्तब्य, अधिकार बारेमा कार्यक्रम व्यवस्थापक शुभनारायण भिणवार यादव र सवनम यादवले उद्देश्य बारेमा प्रस्तुती गरेका थिए ।

गठन कार्यक्रममा १८ वटै पालिकामा गठित युवा संजालका ५० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रमवाट त्रिवेणी कुमार यादवको अध्यक्षतामा २५ सदस्यीय जिल्लास्तरिय युवा संजाल गठन गरिएको छ ।

यसैगरी उपाध्यक्षमा नेहा साह, सचिवमा रामसुन्दर यादव, सहसचिवमा निसा साह र कोषाध्यक्षमा जिवछ प्रकाश यादव रहेको छ । सदस्यहरूमा सनाज खाँ, आस्था साह, मो मुस्तुफा, परिवन यादव, अमर यादव, मोहित यादव, रूपेश यादव, रामकुमार रजक, लक्ष्मी कुमारी राम, दिपा यादव, रिसु चौधरी, कंचन यादव, एस एन चौधरी, किरण यादव, निरज साह, बिभा कुमार मण्डल, दशन साह, आशिष गुप्ता, बिशेन्द्र पासवान र मनिषा कुमारी यादव रहेको छ ।

# वैदेशिक रोजगारका ठगहरुलाई सरकारले नै संरक्षण गरेको छ : प्रभु साह




दैनिक समाचारदाता
गौर, ५ भदौं ।

आम जनता पार्टी (आजपा) का अध्यक्ष एंव पुर्वमन्त्री प्रभु साहले वैदेशिक रोजगारका ठगहरुलाई सरकारले संरक्षण गरेको आरोप लगाएका छन् ।

रौतहटको छतौना र विश्रामपुरमा बुधबार आजपा नगर कमिटीद्वारा आयोजित "वैदेशिक रोजगारका ठगलाई सरकारले कारवाही गर्छ कि संरक्षण ?" विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले वैदेशिक रोजगारका ठगहरुलाई कारवाही नगरी सरकारले संरक्षण गरेको आरोप लगाए ।

"गाउँ देहातका गरिब युवाहरू रोजगारका लागि बिदेशिन बाध्य छन् । मुलुकमै रोजगार दिन नसकेको सरकारले वैदेशिक रोजगारको नाममा भइरहेको लुट धन्दालाई संरक्षण दिएको छ, आजपा अध्यक्ष साहले भने, "नेपालमा स्वास्थ्य परिक्षण गरि वैदेशिक रोजगारमा जाने युवाको विदेशमा मृत्यु हुन्छ । उनीहरुको लास नेपाल आउँछ । यहाँ बलियो, स्वास्थ रहेका युवाको बिदेशमा मृत्यु कसरी हुन्छ ? यहाँ एउटा काम भन्ने त्यहाँ अर्को काममा लगाउने । फ्री टिकट फ्री भिसा भन्ने तर मोटो रकम लिएर बिदेश पठाउने । अलपत्र पार्ने, यस्ता भ्रष्ट र लुटेरालाई कारवाही नगरी सरकारले संरक्षण गर्ने काम भइरहेको छ ।"

केही म्यानपावर कम्पनीसंग मिलेर सरकारले मानव तस्करीको काम गरिरहेको समेत साहले आरोप लगाए । सरकारका केही मन्त्री, सरकारमा सहभागी दलका नेताले कमिसनमा गैरकानुनी काम गरिरहेको बताउदै उनले सरकारकै संरक्षणमा म्यानपावर कम्पनीहरुले मानव तस्करी र लूट धन्दा चलाएर गरिब युवाहरूलाई लुटिरहेको बताए ।

यस्ता लुटेरा र भ्रष्टहरुलाई कारवाहीको माग गर्दा समेत मन्त्रीहरु मौन बस्ने र सरकारी निकायले केही नगर्नाले पीडित परिवारले झन दुख पाइरहेको साहले बताए । यस्ता भ्रष्टहरुका विरुद्ध जनकारवाहीका लागी आम जनता तयार हुनुपर्ने उनले बताए ।

कार्यक्रममा सहभागीहरुले वैदेशिक रोजगारका ठगहरुलाई सरकारले नै पालिरहेको निष्कर्ष सहित पीडितलाई न्याय दिलाउन जस्तो सुकै आन्दोलन गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरेका छन् ।

स्वच्छ समाजको निर्माणमा सहभागी बनौं

➢सम्भव भएसम्म विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
➢प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
➢वनक्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
➢हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरुको संरक्षण गरौं,
➢नदी र खानीजन्य स्रोतको उत्खननलाई व्यवस्थित गरौं,
➢भिरालो वा तटीय जमीन सुरक्षित गर्न बायो-इन्जिनियरिङ प्रविधिको प्रयोग गरौं,
➢पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

• बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
• गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
• बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
• हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
• वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
• जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*